'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १२१ शुक्रवार १२ पुष, २०८१ 27 (Friday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### भागबण्डामै अल्झिएका ५ महिना
## लुम्बिनीमा पाँच महिनासम्म पनि मन्त्रिपरिषद्‌ले पूर्णता पाउन सकेन

नमस्ते समचारदाता
देउखुरी, पुष/११




लुम्बिनीमा मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारको नेतृत्व समालेको पाँच महिना पूरा भएको छ। पाँच महिना बितिसक्दा पनि उनले मन्त्रिपरिषद्‌लाई पूर्णता दिन सकेका छैनन्। गत ७ साउनमा आचार्य मुख्यमन्त्रीमा नियुक्त भएका थिए। उनले ९ साउनमा शपथ तथा पदभार ग्रहण गरेका थिए। सोही दिन मन्त्रीहरू भूमिश्वर ढकाल, दिनेश पन्थी, खेमबहादुर सारू, सीता शर्मा, बादशाह कुर्मी, सरोज थापा, धनेन्द्र कार्की, प्रचण्ड विक्रम न्यौपाने समेतले शपथ लिएका थिए। कांग्रेसबाट पाँचजना मन्त्री बनाउने सहमति भए पनि कांग्रेसले सुरुमा चारजनालाई मात्रै पठाएको थियो। ती चारजनामध्ये पछि विवादमा परेका बाँकेका बादशाह कुर्मीले राजीनामा दिएका थिए। कुर्मी बाँकेकी निर्मला कुर्मीको अपहरण र बेपत्ता पार्ने कार्यमा संलग्न रहेको आरोप लागेका उनले राजीनामा दिएपछि कांग्रेसको कोटाका दुईजना मन्त्री गत ७ कात्तिकमा थपिएका थिए। बर्दियाका जन्मजय तिमिल्सिना र पश्चिम नवलपरासीका देवकरण कलवार मन्त्री भएका थिए। तिमिल्सिनालाई सामाजिक विकास मन्त्रालय र कलवारलाई वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिइएको थियो। सोही दिन बाँकेका आदेशकुमार अग्रवाल पनि मन्त्रीमा थपिएका थिए। जसपाका अग्रवाललाई आन्तरिक मामिला तथा कानुनमन्त्रीको जिम्मेवारी दिइएको थियो। कांग्रेस र एमालेबाट ५-५ जना मन्त्री बन्ने र साना दलबाट दुईजनालाई मन्त्री बनाउने सहमति नयाँ सत्तासमीकरणमा सहभागी दलहरु बिच भएको थियो। सोही सहमति अनुसार कांग्रेस-एमालेबाट ५-५ जना मन्त्री बने। साना दलमध्ये जसपाबाट एकजना मन्त्री बने। तर, अन्य साना दलबाट थप एकजना मन्त्री बनाउने सहमति अझै कार्यान्वयन हुन नसक्दा मन्त्रिपरिषद्‌ले पूर्णता पाउन सकेको छैन। सरकारलाई समर्थन गरेका दललाई मन्त्री थमाउने र आलोपालो गराएर भए पनि सर्मथन गर्ने दललाई भाग पुऱ्याउने बताइए पनि पाँच महिनासम्म एउटा मन्त्रालय मन्त्रीविहीन छ।

बाँकी ३ पेजमा...

## बर्दिया अस्पतालमा रेबिजविरुद्धको भ्याक्सिनको अभाव

नमस्ते समचारदाता
बर्दिया, पुष/११




बर्दियाका विभिन्न स्वास्थ्य संस्थामा रेबिज विरुद्धको भ्याक्सिनको अभाव भएको छ। लुम्बिनी प्रदेश आपुर्ति व्यवस्थापन केन्द्रले खोप नपठाउँदा भ्याक्सिनको अभाव भएर बिरामीले सास्ती भोग्नु परेको स्वास्थ्य संस्थाहरूले जनाएका छन्। बर्दिया अस्पताल, बारबर्दिया नगर अस्पताल, बासगढी नगर अस्पताल र राजापुर प्राथमिक स्वास्थ्य केन्द्रमा रेबिज विरुद्धको भ्याक्सिन अभाव रहेको ती अस्पतालहरूले जनाएका छन्। बर्दिया अस्पताल, गुलरियामा कुकुरले टोकेपछि रेबिज विरुद्धको भ्याक्सिन लगाउन आउनेको संख्या बढ्दै गएपनि माग गरिएको भ्याक्सिन नआउँदा समस्या भएको अस्पतालका प्रमुख डा. सुभाष पाण्डेले बताएका छन्। उनले अस्पतालमा गत डेढ महिना अघिनै भ्याक्सिन सकिएको र त्यस यता नआएकोले अभाव रहेको जानकारी दिए। स्वास्थ्य संस्थालाई सो भ्याक्सिन खरिदको अधिकार नभएको जनाउँदै उनले तर गत सात आठ वर्षदेखि प्रायजसो अभावनै हुने गरेकोले यस तर्फ सम्बन्धित निकायले ध्यान दिन आग्रह पनि गरे। बजारमा पाइने भ्याक्सिनको पाँच डोज लगाउनु पर्ने र सरकारले उपलब्ध गराएको भ्याक्सिनको तीन डोज मात्रै लगाउनु पर्ने पनि डा. पाण्डेले जानकारी गराए। यसैगरी बारबर्दिया नगरपालिका स्वास्थ्य शाखा प्रमुख गोविन्द पौडेलले बारबर्दिया नगर अस्पतालमा पनि महिना दिनदेखि भ्याक्सिनको अभाव भएको बताएका छन्। उनले एन्टी रेबिज भ्याक्सिन लुम्बिनी प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रमा नै अभाव भएकोले अस्पतालमा पठाउन नसकिएको जानकारी आएको बताए। सोही प्रकारले बाँसगढी नगरपालिका स्वास्थ्य शाखाका प्रमुख महेश थारूले रेबिजको भ्याक्सिन सकिएको एक महिना बढी भए पनि भ्याक्सिन नआउँदा कुकरले टोकेका धेरै बिरामी फर्कन बाध्य भएको बताए। प्रदेशसँग भ्याक्सिन माग गरेको तर त्यहाँबाट नआएको समेत उनले जानकारी दिए। यस्तै राजापुर प्राथमिक स्वास्थ्य केन्द्रका सूचना अधिकारी सुरेश चौलागाईले रेबिजको भ्याक्सिन कात्तिक महिनामै सकिएको जनाउँदै थप भ्याक्सिन नआउँदा समस्या भएको बताए। ठाकुरबाबा नगपालिकामा पनि लुम्बिनी प्रदेश आपूर्ति व्यवस्थापन केन्द्र पठाएको भ्याक्सिन दुई महिना अघि नै सकिएको स्वास्थ्य शाखा प्रमुख विष्णु ज्ञवालीले जानकारी दिए।



**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## प्रश्न गर्नेमाथि ओलीको 'डन्डा'

पार्टीभित्र फरक मत राख्ने र नेतृत्वमाथि प्रश्न उठाउनेलाई 'अनुशासनको डन्डा' लगाएर निस्तेज पार्ने ओली रणनीतिको उत्कृष्ट पटाक्ष देखिएको छ । रावल, पाण्डे र तिमिल्सिनामाथिको कारबाही एमालेभित्र आन्तरिक लोकतन्त्र हराएको अर्थमा बुझ्नुपर्ने विश्लेषकको टिप्पणी हुन थालेको छ। भीम रावललाई संगठित सदस्यसमेत नरहने गरी कारबाही, स्थायी समिति सदस्य विन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिमिल्सिनालाई ६ महिना पार्टीको जिम्मेवारीबाट निलम्बन गर्ने कार्यले एमालेले पार्टीभित्र फरक मत राख्ने र नेतृत्वमाथि प्रश्न उठाउनेलाई 'अनुशासनको डन्डा' लगाएर निस्तेज पार्ने रणनीति अंगीकार गरिरहेको छ भन्ने विषयको पुष्टि गरेको छ। पूर्वराष्ट्रपति विद्या भण्डारी सक्रिय राजनीतिमा फर्कन सक्ने चर्चा र सम्भावना बारे नेताहरू बिच अनौपचारिक छलफल जारी रहेकै वेला एमालेले पार्टी निर्णय र नेतृत्वको नियत माथि प्रश्न उठाउने तीन केन्द्रीय नेतामाथि अनुशासनको कारबाही गरेको छ। केन्द्रीय सचिवालयको बुधबारको बैठकले पूर्वउपाध्यक्ष भीम रावलसहित तीन नेतालाई पार्टी अनुशासन उल्लंघनको आरोपमा कारबाही गर्नुले कतै विद्या भण्डारीले भविश्यमा आफैलाई कमजोर बनाउने चाल हुन सक्ने ओली क्याम्पका नेताहरुको बुझाई भएर नै यो कारबाही भएको हुन सक्छ। ओलीले विस्तारै विष्णु पौडेल र पृथ्वीसुब्बा गुरुहरु माथि पनि कुनै बहाना बनाएर पार्टी अनुशासनको डण्डा घुमाउन नसक्लान भन्न सकिदैन। रावललाई, पाण्डे र तिमिल्सिनाहरु माथि गरिएको कारबाहीलाई विश्लेषकले एमालेभित्र आन्तरिक लोकतन्त्र हराएको अर्थमा बुझ्नुपर्ने प्रतिक्रिया दिएका छन्। भाटभटेनीका मालिक मीन बहादुर गुरुङ कर छलीमा अदालतबाट दोषी ठहर भइसकेका र प्रधानमन्त्री कार्यालयमातहको सम्पत्ति शुद्धीकरणमा अनुसन्धान भइरहेका व्यवसायी हुन्। यस्ता व्यक्तिबाट दान लिनु पनि भ्रष्टाचार भएको भन्दै सर्वोच्च अदालतमा मुद्दा परेको थियो। यद्यपि, सर्वोच्चले जग्गा दान लिनु भ्रष्टाचार नभएको भनिसकेको छ। विश्लेषकहरु भन्छन्, 'जग्गा दान लिनु ठिक हो भन्ने सर्वोच्च अदालतको सफाइ आफ्नो ठाउँमा छ। तर, राजनीति गर्ने पार्टीका लागि गलत काम गर्दा चुनावबाट राजनीतिक हर्जना पनि हुन सक्छ, त्यसैले राजनीतिक पार्टीलाई अदालतले दिने सफाइभन्दा पनि जनताको सफाइले चाहिँ ठुलो अर्थ राख्छ।'

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट

डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) 30 सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# पाँचौं स्तम्भ बन्ला सोसल मिडिया?

**विवश वस्ती**



● विवश वस्ती

**सोसल मिडियामार्फत आफ्ना उच्छ्वास पोख्दा समस्याको निराकरण हुन्छ वा अरू बाटा पहिल्याउन अनिवार्य छ ? कुनै व्यक्ति वा समुदाय राज्यगत तह एवं सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिलगायत हिसाबले पीडित भएका हुन सक्छन् । यस्ता सन्दर्भमा कानुनी उपचारका विधि अवलम्बन गर्न सकिन्छन् । भलै, कानुनी उपचारको बाटो रोज्दा त्यसले तत्काल न्याय दिन नसक्ला, यस्तो प्रक्रियाले बर्सौं अल्झाइरहन सक्ला । यस्तो स्थितिमा सोसल मिडियामार्फत न्याय खोज्न चाहनु यो मिडियाको सदुपयोग हो कि दुरूपयोग ?**

केही दशकयता सोसल मिडियाको बद्दो प्रभावकारितासँगै यो मिडियाले 'जनताको वैकल्पिक मिडिया' को रूपमा स्थान लिँदै गएको छ र सोही अनुरूप परिभाषितसमेत गर्न थालिएको छ । यस्तो परिभाषामा सन्देह गर्ने आधार भेट्टाउन मुस्किल छ । सामाजिक जीवनमा उच्च हैसियत राख्ने व्यक्तिदेखि सामान्य तहका नागरिकको पहुँचको सीमाभित्र आबद्ध सोसल मिडियाका प्रयोगकर्ताका कुनै वर्ग पङ्क्ति छैन । जसले पनि आफू अनुकूल प्रयोग गर्न पाइने भएको हुँदा र तत्क्षण नै अधिकांश व्यक्तिसामु आफ्ना विचार एवं भावना सम्प्रेषण गर्न सकिने भएको हुँदा यो सबै तह एवं तप्काका निम्ति प्रियकर, रुचिपूर्ण र प्रयोजनकारी लाग्नु स्वाभाविक देखिँदै आएको छ । २०४६ सालको आखिरी समयमा राजनीतिक परिवर्तन भएपश्चात् २०४७ सालमा जारी नेपाल अधिराज्यको संविधानमा मिडियालाई चौथो स्तम्भको रूपमा मान्यता दिइयो। त्यसयता २०६४ सालमा जारी अन्तरिम संविधान र २०७२ सालमा नयाँ संविधान जारी हुँदा पनि चौथो स्तम्भकै रूपमा रह्यो, मिडिया जगत् । अब कुनै सन्देह देखिँदैन, पछिल्लो समय उदाएको सोसल मिडियाले भने आफूलाई एक प्रभावशाली स्तम्भका रूपमा उभ्याउन कसरत गरिरहेको छ । सोसल मिडियाको प्रभावशाली एवं व्यापक क्षितिज चुम्दै गइरहेको स्थितिलाई दृष्टिगत गर्दा यस्तो महसुस हुन्छ, कतै यो मिडियाले आफूलाई 'पाँचौं स्तम्भ' को रूपमा उभ्याउने प्रयत्न त गरिरहेको छैन ? यो प्रश्नसँगै अर्को प्रश्न पनि जोडिएर आउँछ, 'के यो सम्भव विषय हो ?' सम्भव वा असम्भव आफ्नो ठाउँमा रहे पनि यो नितान्त सोचनीय विषयका रूपमा उदाएको छ। सोसल मिडियाको दिनानुदिन बद्दो प्रभाव एवं गतिशील चरित्रप्रति उपेक्षित दृष्टि लगाउने वा यसलाई न्यूनीकरण गरेर अघि बढ्ने हरेक प्रयत्न भने आगामी दिनमा सायदै उत्पादक होला ! पछिल्लो समय सोसल मिडियाले हरेक क्षेत्र, तह, तप्काबिच जसरी आफ्नो प्रभुत्व कायम गर्दै गइरहेको छ, यो पक्षलाई उपेक्षा गरेर अघि बढ्न सक्ने स्थितिप्रति कुनै पनि कोणबाट बेवास्ता गर्न सकिँदैन । कसैले सोसल मिडियालाई उपेक्षा गरेर अघि बढ्ने चाहना राख्छन् भने यस्तो कार्य सुतुरमुर्ग पन्छीको कथाको पुनरावृत्ति मात्र हुने निश्चितप्रायः देखिन्छ, जुन पन्छीले सङ्कटको बेला बालुवामुनि टाउको घुसारेर आफू सुरक्षित रहेको गर्वबोध गर्छ । सोसल मिडियाले आफ्नो प्रभावकारी कदमलाई गतिशील तुल्याउने प्रयत्न दशकअघिदेखि नै हुँदै आए पनि कोभिड-१९ को महामारीले भने यो मिडियालाई उच्च विन्दुतिर उन्मुख तुल्याउने दरिलो आधार दिलाइदियो । कोभिड-१९ को महामारीले उच्च विन्दु छुने प्रक्षेपण भएसँगै लकडाउन प्रारम्भ भयो । सहरी इलाकामा रहेर जीवनयापनका डगर नापिरहेका सामान्य मजदुरदेखि शिक्षित युवा पङ्क्तिले बेरोजगारीको डरलाग्दो अवस्था झेल्नु पर्‍यो । कतिपयले आफ्नो 'भविष्य' देखेनन् । सहरी क्षेत्रमा निर्माण कार्य, सामान्य व्यापारलगायत अन्य क्षेत्रमा कार्यरत सामान्य मजदुर कोभिड-१९ को कहरबाट बच्न र गुमेको रोजगारीबाट राहत पाउने अभिलाषा सँगाल्दै आफ्नै थातथलोतिर फर्किए । शिक्षित युवाले पनि आफ्नै पुर्ख्यौली थलोतिर पाइला तन्काए । कोभिड-१९ को कहर कति लामो समयसम्म तन्किएला र सहरी इलाकामा फर्किएर पूर्ववत् अवस्थामै आफ्ना पेसा व्यवसायमा फर्किन सकिएला वा नसकिएला भन्ने निश्चयमा प्रश्नचिह्न लागिरहेको थियो । यिनै अनिश्चयबोधबिच सोसल मिडियालाई पछ्याउँदै आइरहेका युवा पङ्क्तिले भने सोसल मिडियाको सही सदुपयोग गरी आर्थिक आम्दानीको मुहान खोज्न थाले। उनीहरूले विविध सोसल मिडिया (युट्युब, फेसबुक, ह्वाट्सएप, ट्युटर) मा आफूलाई सङ्केन्द्रित तुल्याउन थाले र यिनै माध्यम समातेर नयाँ पेसा र व्यवसायरूपी दिशाको पहिचान गरे । यो पाटो आफ्नै ठाउँमा छ । पछिल्लो समय भने सोसल मिडियाको दुरुपयोगमा तीव्रता छाउँदै गइरहेको स्पष्टै देखिन्छ । सोसल मिडियामार्फत सामाजिक-सांस्कृतिकलगायत क्षेत्रमा विद्वेष, असहिष्णुता र अनेक खालका अफवाह फैलाउँदै आफ्ना मनोवृत्ति पूर्ति गर्नेहरूका पङ्क्ति बढ्दो छ । कतिपय अराजक भिड, समूह वा व्यक्तिले आफ्ना कुण्ठित मनोभाव र स्वार्थजन्य पक्षलाई प्रभावकारी प्रदर्शन गर्ने 'भद्दा मञ्च' को रूपमा समेत सोसल मिडियालाई प्रयोग गर्ने क्रम दिनानुदिन बढिरहेको हुँदा यो माध्यम हरेक किसिमका प्रदूषण प्रवाह गर्ने माध्यमका रूपमा अङ्कित हुँदै गइरहेको त छैन ? यो प्रश्न नेपाली समाज, सांस्कृतिक क्षेत्रलगायत अरू सन्दर्भका निम्तिसमेत अति नै चिन्ताजनक विषय बन्न पुगेको छ। हरेक व्यक्ति वा समुदायले आफ्ना विचार एवं दृष्टिकोणका साथै सामाजिक एजेन्डा वा व्यक्तिगत समस्यालाई सतहमा ल्याउन पाउँछन् । संविधानप्रदत्त यस्तो हक एवं अधिकारलाई प्रयोग गर्ने सहुलियत सबैका निम्ति प्राप्य विषय हो। व्यक्तिगत वा सामाजिक विषय र मुद्दालाई अभिव्यक्त गर्ने सही र उपयुक्त माध्यम कुन हो त ? यो विषयमा स्पष्ट हुन जरुरी छ। सोसल मिडियामार्फत आफ्ना उच्छ्वास पोख्दा समस्याको निराकरण हुन्छ वा अरू बाटा पहिल्याउन अनिवार्य छ ? कुनै व्यक्ति वा समुदाय राज्यगत तह एवं सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिलगायत हिसाबले पीडित भएका हुन सक्छन् । यस्ता सन्दर्भमा कानुनी उपचारका विधि अवलम्बन गर्न सकिन्छन् । भलै, कानुनी उपचारको बाटो रोज्दा त्यसले तत्काल न्याय दिन नसक्ला, यस्तो प्रक्रियाले बर्सौं अल्झाइरहन सक्ला । यस्तो स्थितिमा सोसल मिडियामार्फत न्याय खोज्न चाहनु यो मिडियाको सदुपयोग हो कि दुरुपयोग ? अर्कोतिर कुनै पनि माध्यमले यथार्थको परिधिभन्दा बाहिर निस्किएर अफवाहको धरातल टेक्न थाल्छ भने त्यसको विश्वसनीयतामा पूर्णविराम लाग्ने स्थिति उत्पन्न हुन सक्छ। कतै सोसल मिडियालाई पनि त्यस दिशातिर अग्रसर तुल्याउन त्यसका प्रयोगकर्ताले भूमिका त खेलिरहेका छैनन् ? त्यसो त अपेक्षाकृत रूपमा सोसल मिडिया ज्ञानको परिधिभन्दा बाहिर हुँदैसमेत गइरहेको छ। पूर्ववर्ती समयमा मिडियाले सूचना प्रवाह गर्ने दायित्व मात्र निर्वाह गरेको थिएन, त्यसले ज्ञानको प्रसारणमा समेत समृद्ध र सार्थक भूमिकासमेत निभाउने गरेको थियो । आज सोसल मिडियाको बढोत्तरीसँगै ज्ञान विलुप्त हुँदै गएको मात्र छैन, क्रमशः शून्य डिग्रीमा झर्दै गइरहेको स्थिति छ। यस्ता परिदृश्य उद्घाटित हुँदा त्यसले सामाजिक जीवनमा निकै डरलाग्दो परिस्थितिलाई निम्त्याउने अधिक सम्भावनाको जन्म दिन्छ। केही वर्षपूर्व गीतकार कृष्णहरि बरालले लेख्नुभएको एउटा गीतको शब्द थियो, 'भागेर जाऊँ कुनै ठाउँ जाऊँ, मान्छे नमर्ने सहर हुँदैन...।' वर्तमान युगमा सूचना प्रविधिसँग निकटता गाँस्नेहरूले यही गीतको शब्द भाव जस्तै नियति झेल्नु अनिवार्य बनिसकेको छ । किनभने दैनन्दिन रूपमा सोसल मिडियाले हरेक क्षेत्रमा पारिरहेको बद्दो प्रभावलाई उपेक्षा गरेर कोही पनि भाग्न सक्ने स्थितिमा छैनन् अब । तसर्थ जो सोसल मिडियासँग भाग्न खोज्छन्, उनीहरूका पदचाप समयभन्दा पछि पर्नु स्वाभाविकै देखिन्छ । बरु सोसल मिडियालाई कुन रूपमा आत्मसात् गर्ने र यसले प्रवाह गर्ने गरेका कुँडा-कर्कटप्रति कति हदसम्म सचेत रहने भन्ने विषयमा केन्द्रित हुनु नै बुद्धिमत्ता ठहरिने छ।

*-गोरखापत्र*

**गाउँपालिका द्वारा जारी सन्देश**

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

**गाउँपालिका द्वारा जारी सन्देश**

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला

# जंगली जनाबरको अवलोकन गर्न जंगल सफारी खुला

नमस्ते समचारदाता

बाँके, पुष/११

बाघ संरक्षणका लागि स्थापना गरिएको देशकै सबैभन्दा कान्छो निकुञ्ज बाँके राष्ट्रिय निकुञ्जमा बाघ लगायतका जङ्गली जनावर अवलोकनका लागि जङ्गल सफारी खुला गरिएको छ । स्वदेशी तथा विदेशी पर्यटकका लागि बाँके राष्ट्रिय निकुञ्जले यस वर्ष पनि जङ्गल सफारी खुला गरेको जनाएको छ। निकुञ्जभित्र रहेको वनपथ वरिपरिका झाडी सफा गरेर बाघ देखिने ठाउँ पहिचान गरी सफारी खुला गरिएको निकुञ्जका सूचना अधिकारी मन्दिप पङ्गेनीले बताए । पङ्गेनीले निकुञ्जमा घुम्न आउने पर्यटकका लागि निकुञ्ज मुख्यालय ओभरी र कोहलपुर स्थित सेक्टर कार्यालयबाट सफारीको टिकट काट्ने




व्यवस्था मिलाइएको जानकारी गराए । सूचना अधिकारी पङ्गेनीका अनुसार सफारीमा निकुञ्ज क्षेत्रमा पर्यटकले दुर्लभ पाटेबाघ सहित आहारा प्रजातिका वन्यजन्तु अवलोकन गर्न सक्ने छन् । निकुञ्जभित्र वन्यजन्तु अवलोकन गर्न ठाउँ-ठाउँमा मचान, घाँसेमैदान, कृत्रिम पोखरी, वनपथ जस्ता पूर्वाधार समेत निर्माण गरिएका छन् । १० जना अटाउने जिप सफारीका लागि २ हजार ५ सय रुपियाँ शुल्क तोकिएको निकुञ्जले जनाएको छ । अगैया वनपथमा बाघ देखिने सबैभन्दा बढी सम्भावना रहेको बताइएको छ। उनले बाघ रहने सही स्थान पत्ता लगाउन अहिले निकुञ्जभित्र क्यामरामार्फत अनुगमन सुरु गरिएको बताए । सो अनुगमन कार्यले निकुञ्जमा रहेका बाघको संख्या, बसोबास क्षेत्र र आहारा प्रजातिको अवस्थाको विस्तृत जानकारी प्राप्त हुने छ । विसं २०६७ मा बाँके, दाङ र सल्यान जिल्लाको ५५० वर्गकिलोमिटर क्षेत्र समेटेर नेपालको सबैभन्दा कान्छो निकुञ्जका रूपमा बाँके राष्ट्रिय निकुञ्ज स्थापना भएको थियो ।

# ‘समस्याग्रस्त’ घोषित कर्णाली बैंकमा बचत निकाल्नेको भिड

नमस्ते समचारदाता

नेपालगञ्ज, पुष/११

नेपाल राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरेको कर्णाली डेभलपमेन्ट बैंकको केन्द्रिय कार्यालय नेपालगञ्जमा बचतकर्ताको भिड लागेको छ। बैंकको केन्द्रिय कार्यालय नेपालगन्जमा बिहीबार बिहानैदेखि बचतकर्ताको भिड लागेको हो। बचतकर्ताले आफ्नो रकम फिर्ता पाउनुपर्ने माग गरेका छन । बर्दिया, ठाकुरबाबा नगरपालिकाबाट आएका पदम बहादुर थापाले बचत रकम निकाल्न शाखा कार्यालयमा पुग्दा रकम नपाएपछि केन्द्रिय कार्यालय नेपालगञ्ज आईपुगेको बताए । उनले बैंकमा जम्मा गरेको मध्ये अब ४ लाखबढी रकम फिर्ता पाउनुपर्ने बताए । 'पहिला धेरै जम्मा गरेको थिए, घर बनाउने भनेर जम्मा गरेको पैसा हो, केही पैसा निकालेको हुँ, अझै चार लाख भन्दा बढी जम्मा छ,' उनले भने । नेपालगञ्ज आईपुग्दा कर्णाली बैंकलाई राष्ट्र बैंकले हातमा लिईसकेको कुरा जानकारी पाएको उनले बताए । नेपाल राष्ट्र बैंकका उपनिर्देशक विष्णुकुमार




विश्वकर्माले बचतकर्ता, निक्षेपकर्ताहरु अहिले नै आत्तिनुपर्ने अवस्था नरहेको बताएका छन। 'उनीहरुको निक्षेप सुरक्षित छ, अहिले आत्तिनु पर्दैन, सबै जनताहरु ढुक्क भएर बस्नुस, हामी बैंकको खातापाता हेर्दैछौ, जायजेथाहरु हेर्दैछौ, जतिसक्दो हामी यो बैंकलाई सुचारु रुपले सन्चालन गर्ने प्रयासमा छौं,' विश्वकर्माले भने । आर्थिक सुशासन कायम नभएको तथा खराब कर्जा ४० प्रतिशत माथि पुगेको भन्दै राष्ट्र बैंकले बुधबार समस्याग्रस्त घोषणा गरेको थियो। राष्ट्र बैंक ऐन २०५८ को दफा ८६ (ख) बमोजिम समस्याग्रस्त घोषणा गर्दै बैंक व्यवस्थापनको सम्पूर्ण अधिकार खोसिएको छ । राष्ट्र बैंकले व्यवस्थापन आफ्नो नियन्त्रणमा लिदै राष्ट्र बैंकका प्रतिनिधिको रुपमा बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक टीकाराम खतिवडाको संयोजकत्वमा उपनिर्देशक विष्णु कुमार विश्वकर्मा र कानुन महाशाखाका उपनिर्देशक जुगल किशोर कुशवाहालाई व्यवस्थापनका लागि पठाएको छ । बैंकको व्यवस्थापनमा कैफियत देखिएको तथा खराबकर्जा ४० प्रतिशत माथि पुगेको भन्दै राष्ट्र बैंकले गत मंसिर ११ गते कर्णाली डेभलपमेन्ट बैंकलाई ६ महिनाका लागि समस्याग्रस्त उन्मुख घोषणा गरेको थियो । ६ महिनासम्म सुधार नगरे समस्याग्रस्त घोषणा गर्दै व्यवस्थापन नियन्त्रणमा लिने चेतावनी दिएको थियो ।

# कर्णालीको पञ्चवर्षीय योजनाको मसौदा पारित

नमस्ते समचारदाता

सुर्खेत, पुष/११

कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको मसौदा पारित भएको छ। प्रदेश विकास परिषद्को तेस्रो बैठकले पारित गरेको मसौदा अब मन्त्रीपरिषद्को बैठकबाट स्वीकृत भएसँगै कार्यान्वयनमा जाने छ। कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री एवं प्रदेश योजना आयोगका अध्यक्ष यामलाल कँडेलको अध्यक्षतामा प्रदेश विकास परिषद्को तेस्रो बैठक बसेको थियो । बैठकले दोस्रो पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) को मसौदा पास गरेको हो । बैठकले केही सुझाव सहित मसौदा पास गरेको प्रदेश योजना आयोगले जनाएको छ। अहिले प्राप्त सुझावहरुलाई समेटेर मसौदालाई अन्तिम रूप दिने तयारी भइरहेको योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीले बताएका छन् । सोही सुझावका आधारमा केही विषयमा परिमार्जनको काम भइरहेको उनले जानकारी गराए । दोस्रो पञ्चवर्षीय योजना सार्वजनिक गर्ने अन्तिम तयारीमा आयोग छ। अब बस्ने मन्त्रीपरिषद्को बैठकमा मसौदा पेस गर्ने तयारी भएको उपाध्यक्ष योगीले जानकारी दिए । दोस्रो




पञ्चवर्षीय योजनामा ‘सुशासन, सामाजिक न्याय र आमसमृद्धि’ लाई प्राथमिकतामा राखिएको छ। उत्पादनशील र रोजगारमूलक अर्थतन्त्र निर्माण गरी सुशासन तथा सामाजिक न्याय मार्फत समाजवाद उन्मुख समुन्नत कर्णाली निर्माणको लक्ष्य अब आउने पञ्चवर्षीय योजनाले लिएको छ । आयोगले दोस्रो पञ्चवर्षीय योजना बनाउँदा हरित अर्थतन्त्रमा आधारित उत्पादन तथा रोजगारी, पूर्वाधार र अन्तरआबद्धता, जलस्रोत, स्वच्छ ऊर्जा तथा खानेपानी, स्वास्थ्य, पोषण तथा जनसंख्या, शिक्षा, विज्ञान प्रविधि र मानव पुँजी, सुशासन तथा डिजिटल कर्णालीलाई प्रदेश विकासका प्राथमिकता मानेको छ । जलविद्युत् उत्पादन, अर्गानिक तथा रैथाने कृषि उत्पादन, पर्यटन विकास, उत्तर-दक्षिण रोड कोरिडोर, स्थानीय उत्पादनमा आधारित उद्योग, गुणस्तरीय भौतिक पूर्वाधार, उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन, नवप्रवर्तन र डिजिटल कर्णाली, युवा, दीक्षा, सक्षम, स्वस्थ र सबल मानव संसाधनलाई कर्णालीका लागि ‘गेमचेन्जर’ कार्यक्रमका रूपमा पञ्चवर्षीय योजनामा राखिएको छ । प्रदेश योजना आयोगले पञ्चवर्षीय योजना तयार पार्ने क्रममा गरेको आर्थिक प्रक्षेपण अनुसार आव २०८५/८६ सम्म प्रदेशको आर्थिक वृद्धिदर ९.९ प्रतिशत हुने अनुमान गरेको छ । औसतमा वार्षिक ७.६ प्रतिशत आर्थिक वृद्धिदर अनुमान आयोगले गरेको छ । आयोगले लगानीका दृष्टिबाट तीन वटा क्षेत्रलाई आर्थिक क्षेत्रका रूपमा विभाजन गरेको छ । कृषिलाई पहिलो, उद्योगलाई द्वितीय र सेवालाई तृतीय क्षेत्रका रूपमा विभाजन गरेको छ । यी तीन क्षेत्रमा अबको पाँच वर्षभित्र ५२ खर्ब २ अर्ब ९२ करोड रुपियाँ लगानी हुने प्रक्षेपण आयोगले गरेको छ । त्यसमध्ये कृषिमा १७ प्रतिशत, उद्योगमा ३६.५ प्रतिशत र सेवा क्षेत्रमा ४६.४ प्रतिशत लगानी हुने अनुमान छ। उक्त लगानीमध्ये सार्वजनिक क्षेत्रबाट ५०.८ प्रतिशत हुने छ भने ४४.९ प्रतिशत निजी लगानी रहने छ। सहकारी क्षेत्रबाट ४.३ प्रतिशत लगानी रहने अनुमान आयोगको छ । आयोगको दोस्रो पञ्चवर्षीय योजनामा १२ वटा क्षेत्रगत उद्देश्य तथा रणनीति समावेश गरिने छ । यसमा कृषि, भूमि व्यवस्था तथा सहकारी, खनिज, उद्योग तथा पर्यटन, श्रम, रोजगारी तथा गरिबी निवारण, स्वास्थ्य, पोषण तथा जनसंख्या, शिक्षा, विज्ञान प्रविधि तथा मानव पुँजी, उत्थानशील पूर्वाधार तथा अन्तरआबद्धता, जलस्रोत, स्वच्छ ऊर्जा तथा खानेपानी, वन, जैविक विविधता तथा जलाधार, वातावरण, विपत् व्यवस्थापन तथा जलवायु उत्थानशीलता, महिला लक्षित वर्ग तथा समावेशीकरण, सुशासन, सेवा प्रवाह तथा अन्तरसम्बन्ध र नीति, योजना तथा विकास व्यवस्थापन छन् ।

## लुम्बिनीमा...

युवा तथा खेलकुदमन्त्रीको नियुक्ति अझै हुन सकेको छैन । अब लोसपा र नागरिक उन्मुक्तिमध्येबाट एकजना मन्त्री बन्ने भए पनि कुन पार्टीबाट पहिला भन्ने टुंगो नलाग्दा मन्त्रिपरिषद् अझै अधुरो छ । प्रदेश सरकारका प्रवक्ता कृषि तथा भूमि व्यवस्थामन्त्री दिनेश पन्थीले मन्त्रिपरिषद्ले छिट्टै पूर्णता पाउने बताए । मुख्यमन्त्री आचार्यले ४ भदौमा विश्वासको मत लिएका थिए । उनी एमाले र कांग्रेसका ५६ जना प्रदेश सभा सदस्यको समर्थनमा नियुक्त भएका थिए । उनलाई ७० जना प्रदेश सभा सदस्यले विश्वासको मत प्रदान गरेका थिए ।




जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

महावै गाउँपालिका
कालिकोट

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com
9847246903

# स्वास्थ्य पूर्वाधार प्राथमिकतामा

नमस्ते समचारदाता

सुर्खेत, पुष/११





कर्णाली प्रदेश सरकारले स्वास्थ्य पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटेर स्वास्थ्य पूर्वाधार निर्माण योजनालाई प्राथमिकतामा राखेको हो। आर्थिक वर्ष २०८०/८१ मा बहुवर्षीय र स्रोत सुनिश्चितता भएका ठुला पूर्वाधार योजनालाई अघि बढाउने नीति अनुरूप स्वास्थ्य पूर्वाधार निर्माण योजनालाई अघि बढाउन लागिएको हो। जीर्ण भवनबाट सेवा प्रवाहमा निकै समस्या हुने गरेको छ। स्वास्थ्य सेवालाई सर्वसुलभ, पहुँचयोग्य र प्रभावकारी बनाउन स्वास्थ्य पूर्वाधार निर्माण योजनालाई प्राथमिकतामा राखेको प्रदेश सरकारले जनाएको छ। नयाँ पूर्वाधार निर्माणभन्दा पनि बनिरहेका पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेर निर्माण भवन गरिने सामाजिक विकास मन्त्रालयले जनाएको छ। चार वटा जिल्ला अस्पताल भवन निर्माणको निरन्तरताका लागि यो वर्ष बजेट विनियोजान गरिएको छ। उक्त भवन निर्माणको निरन्तरताका लागि २५ करोड ५० लाख बजेट विनियोजन गरिएको मन्त्रालयका प्रवक्ता एवं स्वास्थ्य शाखा प्रमुख वृषबहादुर शाहीले बताउनुभयो।

उहाँका अनुसार भवन निर्माणको निरन्तरताका लागि स्वास्थ्य सेवा कार्यालय दैलेख, रूकुमपश्चिम, हुम्ला र सल्यानका लागि बजेट विनियोजन गरिएको छ। पर्याप्त भवन नहुँदा प्रभावकारी सेवा दिन नसकिएको समेत जनाइएको छ। यो वर्ष बहुवर्षीय र स्रोत सुनिश्चितता भएका योजनामा मात्र बजेट विनियोजन गरिएको मन्त्रालयका प्रवक्ता शाहीले जानकारी दिनुभयो। सरकारले पर्याप्त बजेट विनियोजन गरे पनि निर्माण व्यवसायीको लापर्बाहीका कारण जिल्लाका अस्पताल भवन निर्माणमा भने ढिलाइ भइरहेको छ। जिल्ला अस्पताल दैलेखमा म्याद थप गरेर भवन निर्माणको काम भइरहेको छ। प्रदेश सरकारले चालु आर्थिक वर्षमा भवन निर्माणको निरन्तरताका लागि १० करोड बजेट पठाएको स्वास्थ्य सेवा कार्यालय दैलेखका प्रमुख डा. रत्नवीर सुनारले बताउनुभयो। उहाँका अनुसार भवन निर्माणको काम निकै सुस्त गतिमा भइरहेको छ। हालसम्म ४५ प्रतिशत मात्र भौतिक प्रगति भएको छ। जिल्लामा पूर्वाधारको अभाव छ। भवनकै समस्या छ। २०४५ सालमा बनेको पुरानो भवनबाट अस्पतालले सेवा दिइरहेको छ। सेवाग्राहीको चाप हुँदा उक्त भवनबाट सहज रूपमा सेवा प्रदान गर्न कठिनाइ भएको कार्यालय प्रमुख डा. सुनार बताउनुहुन्छ। १५ शय्याको अस्पताललाई स्तरोन्नति गर्ने योजना अघि सारिएको छ। ५० शय्याको बनाउने गरी तीन वटा भवन निर्माणको काम अघि बढाइएको छ। अहिले अन्तिम पटक २०८१ भदौमा म्याद थप गरिएको हो। २०८२ भदौमा भवन निर्माणको काम सम्पन्न गर्नुपर्ने छ। हालसम्म ४५ प्रतिशत मात्र भौतिक प्रगति भएको छ भने ५५ प्रतिशत काम बाँकी छ।

अस्पताल भवन निर्माण निकै सुस्त गतिमा भइरहेको छ। जसले गर्दा सेवा प्रवाहमा समस्या हुने गरेको हो। जिल्ला अस्पताल हुम्लाको समेत भवन निर्माण भइरहेको छ। बहुवर्षीय ठेक्का मार्फत काम भइरहेको अस्पतालका सूचना अधिकारी नन्द शाहीले बताउनुभयो। प्रदेश सरकारले सङ्घीय सरकारको सहकार्यमा पनि भवन निर्माण योजनालाई प्राथमिकतामा राखेको छ। प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र र मेहेलकुना अस्पतालको भौतिक पूर्वाधारको निरन्तरताका लागिसमेत बजेट विनियोजन गरिएको छ। सरकारले बहुवर्षीय पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेर स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने नीति अवलम्बन गरेको हो।

# दैलेखमा पेट्रोलियम पदार्थको अन्वेषण अन्तिम चरणमा



नमस्ते समचारदाता

दैलेख, पुष/११

यहाँ जारी पेट्रोलियम पदार्थ अन्वेषणको काम अन्तिम चरणमा पुगेको छ। खानी तथा भूगर्भ विभागका अनुसार हिजो बुधबार सम्म तीन हजार नौ सय तीस मिटर 'ड्रिलिङ' सम्पन्न भएको छ। अब ७० मिटर मात्र खन्न बाँकी छ। दैलेखको भैरवी गाउँपालिका-१ जलजले क्षेत्रमा गत वैशाख २८ गतेदेखि पेट्रोलियम पदार्थ र प्राकृतिक ग्याँस अन्वेषणका लागि ड्रिलिङ प्रारम्भ भएको थियो। विभागका पेट्रोलियम परियोजना प्रमुख गणेश नाथ त्रिपाठीका अनुसार यसै महिना ड्रिलिङ सक्ने लक्ष्यका साथ काम भइरहेको छ। चिनियाँ प्राविधिक टोलीले पहिलो चरणमा 'सिस्मिक सर्भे, जियोलोजिकल सर्भे, म्याग्नेटो टेल्युरिक सर्भे र जिओ केमिकल स्याम्पलिङ सर्भे' तोकिएकै समयमा सम्पन्न गरेको थियोभने ड्रिलिङको काम पनि निर्धारित समय अगावै सम्पन्न गरिने उहाँले बताउनुभयो। चीन सरकारको रु दुई अर्ब ५० करोड अनुदानमा यो परियोजना कार्यान्वयनमा छ। परियोजनाअन्तर्गत ड्रिलिङका लागि भैरवी गाउँपालिका-१ जलजलेमा ४५ रोपनी जग्गा अधिग्रहण गरिएको थियो। चिनियाँ र नेपाली गरी ८० जनाको समूहले उत्खनन गरिरहेको छ। विभाग, चाइना जियोलोजिकल सर्भे तथा सिबु ड्रिलिङ इन्जिनियरिङ कम्पनी परियोजना कार्यान्वयनमा व्यस्त छन्।

# मुगुमा नयाँ निकुञ्ज वा सिकार आरक्षण बनाउने तयारी



नमस्ते समचारदाता

मुगु, पुष/११

वन तथा वातावरण मन्त्रालयले मुगु जिल्लामा नयाँ निकुञ्ज वा सिकार आरक्षण बनाउन अध्ययन गर्न कार्यदल गठन गरेको छ। वन तथा वातावरणमन्त्री ऐन बहादुर शाहीले सोमबार मन्त्रीस्तरीय निर्णय गर्दै मुगुम कार्मारोङ गाउँपालिकाको केही क्षेत्रलाई समेटेर निकुञ्ज वा सिकार आरक्षण बनाउने सम्भाव्यता अध्ययन गर्न कार्यदल बनाउने निर्णय गरेका हुन्। यसअघि मुगुम कार्मारोङ गाउँपालिकाले गाउँसभाको निर्णयमार्फत से फोक्सुण्डो राष्ट्रिय निकुञ्जले ओगटेको क्षेत्र र अन्य भूभाग समेटेर सिकार आरक्षण, संरक्षित क्षेत्र वा राष्ट्रिय निकुञ्ज बनाउन माग गर्दै मन्त्रालयमा प्रस्ताव पेश गरेको थियो। वनमन्त्री शाहीका अनुसार कार्यदलले कुन विकल्प उपयुक्त हुन्छ भनेर सुझाव दिनेछ, जसका आधारमा मन्त्रालयले आगामी कदम चाल्नेछ। से फोक्सुण्डो राष्ट्रिय निकुञ्जले मुगुको ८२९ वर्ग किमी क्षेत्र ओगटेको छ। यो क्षेत्र विभिन्न वन्यजन्तुको बासस्थानका रूपमा परिचित छ। हुलका हुल जनावर देखिने भएकाले पर्यटकहरूले यसलाई ूखुला चिडियाखानाू भनेरसमेत सम्बोधन गर्छन्। मुगुमा सानो राष्ट्रिय निकुञ्ज रारा पनि पर्दछ, जहाँ नेपालकै ठूलो रारा ताल अवस्थित छ। यदि नयाँ संरक्षित क्षेत्र वा सिकार आरक्षण बन्यो भने मुगुमा दुईवटा संरक्षित क्षेत्र हुनेछन्। नयाँ संरक्षित क्षेत्रमा तामा खानी, डोल्फु कर्णाली नदी, घोरल, झारल, कस्तुरी मृग, चौरी, हिम चितुवालगायत जनावर पाइने जनाइएको छ। गाउँपालिकाका अध्यक्ष छिरिङ क्याप्ने लामाका अनुसार, मुगुम क्षेत्रलाई संरक्षित क्षेत्र वा सिकार आरक्षण बनाउने माग वर्षौं पुरानो हो। संघीय सरकारमा मुगुबाट निर्वाचित मन्त्री शाही भएकाले यो माग पूरा हुने विश्वास गरिएको छ।

# उधारोमै सम्पन्न खार्पुनाथ शिवालय क्षेत्रका भौतिक संरचना

नमस्ते समचारदाता

हुम्ला, पुष/११



खार्पुनाथ गाउँपालिका- ५ को शिवालय क्षेत्रका पूर्वाधार विकासका संरचना उधारोमा सम्पन्न भएका छन्। शिवालय क्षेत्रका संरचना निर्माणको जिम्मा पाएको निर्माण कम्पनीले सम्झौताको आधाभन्दा कम रकम भुक्तानी पाउँदा पनि निर्माण समयमै सम्पन्न गरेको हो। काम सकिएपछि धेरै रकम स्थानीयका उधारो तिर्न बाँकी भए पनि शिवालय क्षेत्रका संरचनाको निर्माण सम्पन्न भएको निर्माणको जिम्मा पाएको धर्म एस ज्याङछ्युप जेभीका स्थानीय प्रतिनिधि कृष्णबहादुर हमालले बताए। गाउँपालिकासँगको सम्झौताअनुसार शिवालय क्षेत्रका सबै संरचना निर्माणको आधा रकम भुक्तानी पाउँदा पनि सम्पन भएको छ। ती संरचना निर्माण सुचारु गर्न खार्पुनाथ गाउँपालिकासँग ०७८ साल भदौ २१ गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो। सम्झौतामा २०८१ साल मंसिर ३० गते सम्पन्न गर्ने उल्लेख भएको र सोही मितिभित्र संरचना निर्माण पूरा भएको थियो। यसका लागि चार करोड ९३ लाख ३८ हजार ३ सय ६८ रुपैयाँ लागत लाग्ने गरी सम्झौता भएको थियो। सो रकममध्ये हालसम्म निर्माण कम्पनीले दुई करोड १५ लाख ९३ हजार रुपैयाँ मात्र भुक्तानी पाएको र बाँकी दुई करोड ७७ लाख ४५ हजार ३ सय ६८ रुपैयाँ भुक्तानी लिन बाँकी छ। भुक्तानी लिनुपर्ने रकम समयमै पाएको भए निर्माण कार्य सम्झौता मितिभन्दा अगाडि नै सक्ने भए पनि भुक्तानीकै कारण ढिलो गरी काम सम्पन्न गर्नुपरेको उनले बताए। निर्माण कार्यका लागि सम्झौता गरेको खार्पुनाथ गाउँपालिका अध्यक्ष कर्णबहादुर रावलले तीस प्रतिशत गाउँपालिका र सत्तरी प्रतिशत पर्यटन मन्त्रालयबाट लागत ब्यहोर्ने गरी सम्झौता भए पनि गाउँपालिकाले अधिकांश बजेट दिइसकेको र अब मन्त्रालयबाट आउने बजेट आउन बाँकी रहेका कारण यो समस्या देखिएको बताए। शिवालय क्षेत्रका भौतिक संरचना निर्माण सम्पन्न भएको फोटो र आवश्यक कागजात मन्त्रालयमा पठाइसकिएकाले अब चाँडै बजेटको ब्यवस्था हुने आशा उनले व्यक्त गरे। उनले निर्माण कम्पनीले इमान्दारीतासाथ काम गरेको र अब बाँकी भुक्तानी रकम निकासाका लागि ताकेतामा गाउँपालिका लागेको छ। कर्णाली नदी किनारमा ग्याविल वाल, चौर सम्याउने, शिव मन्दिरलाई घेरवार गर्ने, नदी किनारमा रेलिङ लगाउने, गेट निर्माण, मसानघाट, बाटो निर्माण (पिच) शिव मन्दिर स्थापना गर्ने, दोजाम कर्णाली नदीको टापुमा पार्क निर्माण र शिव मन्दिर निर्माण गरिएको छ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

चंखेली गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके